# जैमिनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कुश्मीसेरा, बागलुङ

गण्डकी प्रदेश नेपाल

पत्र संख्याः २०७९/०८०(शिक्षा)
च. न ८९५

मिति २०७९/०९/२२

**बिषयः शैक्षिक सामाग्री प्रदर्शनी प्रतियोगितामा सहभागिता सम्बन्धमा।**

श्री सम्पूर्ण माध्यमिक बिद्यालयहरु
जैमिनी नगरपालिका,
बागलुङ।

प्रस्तुत बिषयमा सहारा क्लव, कुश्मिसेरा बागलुङको आयोजनामा *'स्थानिय कला, संस्कृति र खेलकुदको सम्बर्धन, कृषि, उद्योग, व्यापार तथा पर्यटनको प्रवर्धन'* भन्ने मूल नाराका साथ मिति २०७९।०९।२९ देखि ऐ. १०।०५ सम्म संचालन हुन गैरहेको **जैमिनी मेला २०७९** को अवशरमा जैमिनी नगरपालिका माध्यमिक बिद्यालय स्तरिय शैक्षिक सामाग्री प्रदर्शनी (बिज्ञान तथा बातावरण र सूचना प्रबिधि सम्बन्धी) आयोजना गरिएकोले तहाँ बिद्यालयबाट तपसिलको मिति, समय, र स्थानमा अनिवार्य सहभागिताको लागि अनुरोध छ।

**तपसिल**

- मिति २०७९।०९।३० गते शनिवार
- समयः बिहान १०.०० वजे बाट
- स्थानः सहारा खेल मैदान जैमिनी नगरपालिका, कुश्मीसेरा

**पुरस्कारः**
प्रथम पुरस्कारः रु १५००० र प्रमाण पत्र
दोश्रो पुरस्कारः रु १०००० र प्रमाण पत्र
तेश्रो पुरस्कारः रु ५००० र प्रमाण पत्र

**प्रतियोगितामा सहभागिता सम्बन्धी नियमहरु**

१. प्रतियोगीहरु जैमिनी नगरपालिका अन्तर्गतका माध्यमिक बिद्यालय (कक्षा ९-१२) मा अध्ययनरत बिद्यालय हुनुपर्नेछ।
२. सहभागि बिद्यार्थी अध्ययनरत बिद्यालयको पत्र र आफ्नो परिचयपत्र सहित सहभागि हुनुपर्नेछ।
३. प्रतियोगिताको सामाग्री बिद्यार्थी स्वयम् ले निर्माण गरेको र बिज्ञान तथा बातावरण र सूचना प्रबिधि सम्बन्धी क्षेत्रको हुनुपर्नेछ।
४. प्रदर्शनीका बखत प्रतियोगीले सामाग्रीको नियम, सिद्दान्त, बिधि र प्रयोगका बारेमा जानकारी दिनु पर्नेछ।
५. एक बिद्यालयबाट बढीमा १ जना सामाग्री सहित सहभागि हुनु पर्नेछ।
६. बिद्यालयहरुले पौष २९ गते अपरान्ह ४.०० वजे भित्र निशुल्क दर्ता प्रकृया पूरा गरि सक्नु पर्नेछ।
७. बिस्तृत जानकारीका लागि निम्न अनुसार सम्पर्क गर्नु होला।
   - चित्रप्रसाद चापागाइ जैमिनी नगरपालिका मोवाइल नं. ९८५७६२२३९८
   - मिरादेवी शर्मा शिक्षा अधिकृत जैमिनी नगरपालिका मोवाइल नं. ९८५७६५९७६५

९।२२
खेम प्रसाद आचार्य
उप सचिव